# रूपन्देही क्याम्पस जर्नल

# Rupandehi Campus Journal

१

रूपन्देही क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

**Rupandehi Campus**
Siddharthanagar, Rupandehi

विषयसूची


नेपालको भाषिक अवस्था — प्रा. कपिलदेव लामिछाने / १

Lumbini-The Fountain of World Peace — Prof. Gitu Giri / १८

A Study on Effectiveness of Teachers Professional Development Training — Motilal Subedi, Balmukunda Upadhayay/ २४

संस्कृत व्याकरण : परम्परा र उपलब्धि — शालिकराम पौडयाल/३३

छाउपडी उपन्यासको समाजशास्त्रीय अध्ययन — पवित्रा कोइराला/ ४२

Creative and Critical Ṭhinking in Language Classrooms — Yub Raj Panthi / ४८

# नेपालको भाषिक अवस्था

प्रा. कपिलदेव लामिछाने (पिएच्.डी.)

*[खास भाषा बोल्नेहरूको समाज भाषिक समाज कहलाउँछ । भाषाले मानव-सम्बन्धलाई सबल र सुदृढ तुल्याउँछ, तर सही भाषिक नीति नभए सयौं वर्षदेखिको सबल सामाजिक सम्बन्ध पनि टुट्न सक्छ । नेपालमा धेरै भाषा छन् । मुख्यत: २०६८ को राष्ट्रिय जनगणनाको सेरोफेरोमा हेर्दा नेपालको भाषिक अवस्था के हो भन्ने जिज्ञासा रहेको छ । प्रस्तुत शोधलेखमा पुस्तकालयीय अध्ययन पद्धति अवलम्बन गरी २०६८ र अंशत: २०५८ का राष्ट्रिय जनगणनाका तथ्यहरू अगाडि सार्दै नेपालको भाषिक अवस्थाको अध्ययन गरिएको छ ।]*

## १. विषयप्रवेश

भाषिक अवस्थाका दृष्टिले नेपाल महत्त्वपूर्ण छ । यहाँ विभिन्न भाषापरिवारमा पर्ने थुप्रै भाषाहरू बोलिन्छन् । राष्ट्रिय जनगणनालाई आधार बनाउने हो भने नेपालमा २०५८ मा ९२ भाषाहरू रहेकोमा २०६८ मा १२३ भाषाहरू रहेको देखिन आउँछ । दस वर्षको अन्तरालमा ३१ भाषा थपिएका छन् । सङ्ख्यामा देखिएको यस परिवर्तनले धेरै आशङ्का पनि उत्पन्न भएका छन् । धेरै भाषा हुनु सामर्थ्य र चुनौती दुवै हो । यो विविधताको परिचायक हो भने व्यवस्थापकीय दृष्टिले यो जटिल मानवीय समस्या पनि हुन सक्दछ । परम्परा, जातजाति र धर्मसम्प्रदायसित भाषाको घनिष्ठ सम्बन्ध हुन्छ । भाषा विचार विनिमय र अभिव्यक्तिको माध्यम हो, परम्परित र सामाजिक वस्तु हो, आर्जित वस्तु हो, संस्कृति र आत्मपहिचान पनि हो । तसर्थ आफ्नो देशको भाषिक अवस्था बारे हरेक भाषाभाषी सचेत हुनु आवश्यक छ र भाषावैज्ञानिक दृष्टिले पनि हरेक भाषाको संरक्षण, अध्ययन र अनुसन्धान हुनु आवश्यक छ । नेपालको अन्तरिम संविधान २०६३ (भाग १, धारा ५) ले देवनागरी लिपिमा नेपाली भाषालाई सरकारी कामकाजको भाषा र नेपालमा बोलिने सबै मातृभाषाहरूलाई नेपालका राष्ट्रभाषाको मान्यता दिएको छ । राष्ट्रले मान्यता दिएका र मुलुकभित्र मातृभाषाका रूपमा बोलिने यस्ता सबै भाषाको समुचित संरक्षण गर्नु, अध्ययन गर्नु राज्यको अधिकार र कर्तव्य पनि हो भने यससम्बन्धी जानकारी लिनु हरेक नागरिकको पनि कर्तव्य हो । यहाँ विशेषत: राष्ट्रिय जनगणना २०६८ तथा आवश्यकता अनुसार राष्ट्रिय जनगणना २०५८ लाई आधार बनाएर नेपालको भाषिक अवस्थाको आकलन गरिएको छ ।

## २. नेपालको भाषिक तथ्याङ्क विश्लेषण

नेपालमा धेरै भाषाहरू बोलिने हुँदा नेपाल बहुभाषिक मुलुक कहलाएको छ । यहाँ विभिन्न जातजाति, समुदाय, धर्म, सम्प्रदाय र रीतिरिवाज भएका भाषाभाषीको बसोबास रहिआएको छ । तसर्थ यो सयौं फूलको फूलबारी बन्न पुगेको छ । भाषाहरूको निक्र्यौल भाषिक सर्वेक्षणबाट हुनु पर्दछ । हामीकहाँ भने त्यस्तो हुन सकेको छैन । छिटफुट सीमित अध्ययनले भाषा, भाषिका आदिको समुचित निर्धारण हुन सक्दैन । भाषिक सर्वेक्षणका अभावमा राष्ट्रिय जनगणनालाई आधार मानेर भाषिक अवस्थाको अध्ययन गर्नुपर्ने अवस्था छ । यस्तो अध्ययन मूलत: काम चलाउ हो भन्ने बुझ्नु उचित होला । यहाँ अध्ययनका निमित्त मुख्यत: २०६८ र अंशत: २०५८ का राष्ट्रिय जनगणनामा उल्लेख भए अनुसारको भाषिक तथ्याङ्क प्रस्तुत गर्दै भाषिक विश्लेषण गरिएको छ ।

तालिका नं. १
नेपालको पछिल्ला भाषिक तथ्याङ्क

| क्र.सं. | भाषा | २०५८ | | २०६८ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | नेपाली | १,१०,५३,२५५ | ४८.६१ | १,१८,२६,९५३ | ४४.६३ | |
| २ | मैथिली | २,७९,७,५८२ | १२.३० | ३०,९२,५३० | ११.६७ | |
| ३ | भोजपुरी | १,७१,२,५३६ | ७.५३ | १५,८४,९५८ | ५.९८ | |
| ४ | थारू | १,३३,१,५४६ | ५.८६ | १५,२९,८७५ | ५.७७ | |
| ५ | तामाङ | १,१७,९,१४५ | ५.१९ | १३,२९,८७५ | ५.१० | |
| ६ | नेवार | ८,२५,४५८ | ३.६३ | ८,४६,५५७ | ३.१० | |
| ७ | मगर | ७७,०११६ | ३.३९ | ७,८८,५३० | २.९७६ | |
| ८ | डोटेली | - | - | ७,८७,८२७ | २.९७३ | |
| ९ | बज्जिका | २,३७,९४७ | १.०५ | ७,३९,४१३ | २.७९ | |
| १० | उर्दू | १,७४,८४० | ०.७७ | ६,९१,५४६ | २.६१ | |
| ११ | अवधी | ५,६०,७४४ | २.४७ | ५,०१,७५२ | १.८९ | |
| १२ | लिम्बू | ३,३३,६३३ | १.४७ | ३,४३,६०३ | १.२९ | |
| १३ | गुरुङ | ३,३८,९२५ | १.४९ | ३,२५,७२२ | १.२३ | |
| १४ | वान्तवा | ३,७१,०५६ | १.६३ | १,३२,५८३ | ०.५ | |
| १५ | राजवंशी | १,२९,८२९ | ०.५७ | १,२२,२१४ | ०.४६ | |
| १६ | शेर्पा | १,२९,७७१ | ०.५७ | १,१४,८३० | ०.४३ | |
| १७ | राई | - | - | १,५९,११४ | ०.६ | |
| १८ | चामलिङ | ४४,०९३ | ०.१९ | ७६,८०० | ०.२८ | |
| १९ | सन्थाली | ४०,२६० | ०.१८ | ४९,८५८ | ०.१८ | |
| २० | चेपाङ | ३६,८०७ | ०.१६ | ४८,४७६ | ०.१८ | |
| २१ | दनुवार | ३१,८४९ | ०.१४ | ४५,८२१ | ०.१७ | |
| २२ | उराउ (झाँगड) | २८,६१५ | ०.१३ | ३३,६५१ | ०.१२ | |
| २३ | सुनुवार | २६,६११ | ०.१२ | ३७,८९८ | ०.१४ | |
| २४ | हिन्दी | १,०५,७६५ | ०.४७ | ७७,५६९ | ०.२९ | |
| २५ | बाङ्गला | २३६०२ | ०.१० | २१,०६१ | ०.०७९ | |
| २६ | राजस्थानी | २२,६६७ (मारवाडी) | ०.१० | २५,३९४ | ०.०९५ | |
| २७ | माझी | २१,८४१ | ०.१० | २४,४२२ | ०.०९२ | |
| २८ | थामी | १८,९९१ | ०.०८ | २३,१५१ | ०.०८७ | |
| २९ | कुलुङ | १८,६८६ | ०.०८ | ३३,१७० | ०.१२५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | धिमाल | १७,३०८ | ०.०८ | १९,३०० | ०.०७२ | |
| ३१ | अङ्गिका | १५,८९२ | ०.०७ | १८,५५५ | ०.०७० | |
| ३२ | याक्खा | १४,६४८ | ०.०६ | १९,५५८ | ०.०७३ | |
| ३३ | थुलुङ | १४,०३४ | ०.०६ | २०,६५९ | ०.०७७ | |
| ३४ | साम्पाङ | १०,८१० | ०.०५ | १८,२७० | ०.०६८ | |
| ३५ | भुजेल | १०,७३३ | ०.०५ | २१,७१५ | ०.०८१ | |
| ३६ | दरै | १०,२१० | ०.०४ | ११,६७७ | ०.०४४ | |
| ३७ | खालिङ | ९,२८८ | ०.०४ | १४,४६७ | ०.०५४ | |
| ३८ | कुमाल | ६,५३३ | ०.०३ | १२,२२२ | ०.०४६ | |
| ३९ | थकाली | ६,४४१ | ०.०३ | ५,२४२ | ०.०१९ | |
| ४० | छन्त्याल | ५,९१२ | ०.०३ | ४,२८३ | ०.०१६१ | |
| ४१ | सङ्केत भाषा | ५,७४३ | ०.०३ | ४,४७६ | ०.०१६८ | |
| ४२ | तिब्बती | ५,२८७ | ०.०२ | ४,४४५ | ०.०१६७ | |
| ४३ | डुमी/दुमी | ५,२७१ | ०.०२ | ७,६३८ | ०.०२८ | |
| ४४ | जिरेल | ४,९१९ | ०.०२ | ४,८२९ | ०.०१८ | |
| ४५ | बाम्बुले | ४,४७१ | ०.०२ | १३४७० | ०.०५ | |
| ४६ | पुमा | ४,३१० | ०.०२ | ६,६८६ | ०.०२५ | |
| ४७ | ह्याल्मो/योल्मो | ३,९८६ | ०.०२ | १०,१७६ | ०.०३८ | |
| ४८ | नाछिरिङ | ३,५५३ | ०.०२ | १०,०४१ | ०.०३७ | |
| ४९ | दुरा | ३,३९७ | ०.०२ | २,१५६ | ०.००८ | |
| ५० | मेचे | ३,३०१ | ०.०१ | ४,३७५ | ०.०१६ | |
| ५१ | बोटे | २,८२३ | ०.०१ | ८,७६६ | ०.०३ | |
| ५२ | बहिङ | २,७६५ | ०.०१ | ११,६५८ | ०.०४ | |
| ५३ | कोई | २,६४१ | ०.०१ | १,२७१ | ०.००४ | |
| ५४ | राजी | २,४१३ | ०.०१ | ३,७५८ | ०.०१४ | |
| ५५ | हायु | १,७४३ | ०.०१ | १,५२० | ०.००५ | |
| ५६ | ब्याँसी | १,७३४ | ०.०१ | ४८० | ०.००१ | |
| ५७ | याम्फु | १,७२२ | ०.०१ | ९,२०८ | ०.०३४ | |
| ५८ | घले | १,६४९ | ०.०१ | ८,०९२ | ०.०३० | |
| ५९ | खरिया | १,५७५ | ०.०१ | २३८ | ०.०००८ | |
| ६० | छिलिङ | १,३१४ | ०.०१ | २,०४६ | ०.००७ | |
| ६१ | लोहोरुङ | १,२०७ | ०.०१ | ३,७१६ | ०.०१४ | |
| ६२ | पन्जाबी | १,१६५ | ०.०१ | ८०८ | ०.००३ | |
| ६३ | चाइनिज | १,१०१ | ०.०० | २४२ | ०.०००९ | |
| ६४ | इङ्लिस | १,०३७ | ०.०० | २,०३२ | ०.००७६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५ | मेवाहाङ | १०४ | ०.०० | ४,६५० | ०.०१७ | |
| ६६ | संस्कृत | ८२३ | ०.०० | १,६६९ | ०.००७६ | |
| ६७ | काइके | ७९४ | ०.०० | ५० | ०.०००१८ | |
| ६८ | राउटे | ५१८ | ०.०० | ४६१ | ०.००१७ | |
| ६९ | किसान | ४८९ | ०.०० | १,१७८ | ०.००४४ | |
| ७० | मुसलमान | ४०८ (चुरेटी) | ०.०० | १,०७५ | ०.००४१ | |
| ७१ | बरम | ३४२ | ०.०० | १५५ | ०.०००५ | |
| ७२ | तिलुङ | ३१० | ०.०० | १,४२४ | ०.००५३ | |
| ७३ | जेरो | २७१ | ०.०० | १,७६३ | ०.००६६ | |
| ७४ | दुङमाली | २२१ | ०.०० | ६,२६० | ०.०२३ | |
| ७५ | ओरिया | १५९ | ०.०० | ५८४ | ०.००२२ | |
| ७६ | लिङखिम | ९७ | ०.०० | १२९ | ०.०००४८ | |
| ७७ | कुसुन्डा | ८७ | ०.०० | २८ | ०.०००१ | |
| ७८ | सिन्धी | ७२ | ०.०० | ५१८ | ०.००१९ | |
| ७९ | कोचे | ५४ | ०.०० | २,०८० | ०.००७८ | |
| ८० | हरियान्वी | ३३ | ०.०० | ८८९ | ०.००३३ | |
| ८१ | मगही | ३० | ०.०० | ३५,६१४ | ०.१३४ | |
| ८२ | साम | २३ | ०.०० | ४०१ | ०.००१५ | |
| ८३ | कर्माली | १३ | ०.०० | २२७ | ०.०००८५ | |
| ८४ | कागते | १० | ०.०० | ९९ | ०.०००३७ | |
| ८५ | डेजोङ्खा | ९ | ०.०० | ८० | ०.०००३ | |
| ८६ | कुकी | ९ | ०.०० | २९ | ०.०००१ | |
| ८७ | छिन्ताङ | ८ | ०.०० | ३,७१२ | ०.०१४ | |
| ८८ | मिजो | ८ | ०.०० | ३२ | ०.०००१२ | |
| ८९ | नागामिज | ६ | ०.०० | १० | ०.००००३ | |
| ९० | ह्लोमी | ४ | ०.०० | ८०८ | ०.००३ | |
| ९१ | आसामी | ३ | ०.०० | ४७६ | ०.००१७९ | |
| ९२ | सधनी | २ | ०.०० | १२२ | ०.०००४६ | |
| ९३ | पहरी | २,९९५ | ०.०१ | ३,४५८ | ०.०१३ | |
| ९४ | लाप्चा/लेप्चा | २,८२६ | ०.०१ | ७,४९९ | ०.०२८ | |
| ९५ | ताजपुरिया | - | - | १८,८११ | ०.०७ | |
| ९६ | खस | - | - | १,७४७ | ०.००६५ | |
| ९७ | अठपरिया | - | - | ५,५३० | ०.०२ | |
| ९८ | अछामी | - | - | १,४२,७८७ | ०.५३ | |
| ९९ | मलपान्डे | - | - | २४७ | ०.०००९३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०० | धुलेली | - | - | ३४७ | ०.००१३ | |
| १०१ | खाम | - | - | २७,११३ | ०.१ | |
| १०२ | अरबी | - | - | ८ | ०.००००३ | |
| १०३ | स्पेनिस | - | - | १६ | ०.००००६ | |
| १०४ | रसियन | - | - | १७ | ०.००००६१ | |
| १०५ | गनगाई | - | - | ३,६१२ | ०.०१३ | |
| १०६ | बेलहारे | - | - | ५९९ | ०.०००२२ | |
| १०७ | पड्डुवाली | - | - | २९० | ०.००१ | |
| १०८ | वालुङ | - | - | १,१६९ | ०.००४४ | |
| १०९ | सुरेल | - | - | २८७ | ०.००१ | |
| ११० | वैतडेली | - | - | २,७२,५२४ | १.०२ | |
| १११ | वनकरिया | - | - | ६९ | ०.०००२६ | |
| ११२ | बझाङी | - | - | ६७,५८१ | ०.२५ | |
| ११३ | फ्रेन्च | - | - | ३४ | ०.०००१२ | |
| ११४ | लोपा | - | - | ३,०२९ | ०.०११ | |
| ११५ | डोल्पाली | - | - | १,६६७ | ०.००६२९ | |
| ११६ | जुम्ली | - | - | ८५१ | ०.००३२ | |
| ११७ | दैलेखी | - | - | ३,१०२ | ०.०११७ | |
| ११८ | सोनहा | - | - | ५७९ | ०.००२१ | |
| ११९ | डडेल्धुरी | - | - | ४८८ | ०.००१८ | |
| १२० | बाजुरेली | - | - | १०,७०४ | ०.०४ | |
| १२१ | दार्चुलेली | - | - | ५,९२८ | ०.०२२ | |
| १२२ | मनाङी | - | - | ३९२ | ०.००१४७ | |
| १२३ | गढवाली | - | - | ३८ | ०.०००१४३ | |
| १२४ | अन्य/अज्ञात | १,६८,३४० | ०.७४ | २१,१७३ | ०.०७९ | |
| १२५ | रिपोर्ट नभएका | - | - | ४७,७१८ | ०.१८ | |
| जम्मा | | २,२७,३६,९३४ | १०० | २,६४,९४,५०४ | १०० | |

स्रोत : केतवि

प्रस्तुत तालिकाका तथ्यहरूलाई केलाउने हो भने यसले एकातिर नेपालको भाषिक वस्तुस्थितिको झलक देखाएको छ भने अर्कोतिर अनेक आशङ्का पनि जन्माएको छ । डोटेली, राई, ताजपुरिया, अछामी, अठपरिया, गनगाई, खाम, मलपान्डे, धुलेली, अरबी, स्पेनिस, रसियन, फ्रेन्च, लोपा, डोल्पाली, जुम्ली, दैलेखी, सोनहा, डडेल्धुराली, बाजुरेली, दार्चुलेली, मनाङी, गढवाली जस्ता भाषा २०५८ को राष्ट्रिय जनगणनामा छैनन् भने २०६८ को राष्ट्रिय जनगणनामा समावेश भएका देखिन्छन् । यस्ता भाषा कहाँबाट कसरी देखिए भन्ने उत्सुकता हुन्छ । यी मध्ये कति त नेपालीकै क्षेत्रीय भाषिका हुन् भने केही नाम मात्र फेरिएका हुन सक्दछन् र केही भने विदेशी भाषा हुन् । त्यतिमात्र होइन, २०६८ को जनगणनामा अन्य भनेर २१,१७३ जनसङ्ख्या र टिपोर्ट नै नभएका भनी ४७,७१८ जनसङ्ख्या समेत उल्लेख गरिएको छ ।

सङ्ख्याका हिसाबले सर्वाधिक बढी नेपाली १,१८,२६,९५३ र सबैभन्दा कम अरबीका वक्ता ८ दिइएको छ । कुसुन्डाको २८ जनसङ्ख्या देखिन्छ । वास्तवमा कुसुन्डा नेपालमा मात्र बोलिने लोपोन्मुख भाषा हो । थपिन आएका कतिपय भाषाका वक्ताको सङ्ख्या अत्यधिक न्यून रहेको छ । १०० भन्दा कम वक्ता भएका नेपालका भाषामा काइके, कुसुन्डा, कागते, कुकी, डोजोङ्खा, वनकरिया आदि रहेका छन् ।

२०६८ को राष्ट्रिय जनगणनामा छुट्टै भाषा भनी उल्लेख भएका कतिपय भाषाहरू यसअघि नेपालीका क्षेत्रीय भाषिकाका रूपमा अध्ययन भएको पाइन्छ । यसलाई निम्नअनुसार देखाउन सकिन्छ :

तालिका नं. २

| नेपाली भाषा | | | |
|---|---|---|---|
| भाषा | जनसङ्ख्या | प्रतिशत | कैफियत |
| नेपाली | १,१८,२६,९५३ | | |
| डोटेली | ७,८७,८२७ | | |
| वैतडेली | २,७२,५२४ | | |
| बझाङ्गी | ६७,५८१ | | |
| जुम्ली | ८५१ | | |
| दैलेखी | ३,१०२ | | |
| डडेल्धुराली | ४८८ | | |
| बाजुरेली | १०,७०४ | | |
| दार्चुलेली | ५,९२८ | | |
| खस | १,७४७ | | |
| अछामी | १,४२,७८७ | | |
| डोल्पाली | १,६६७ | | |
| जम्मा | १,३१,२२,१५९ | ४९ | |

भाषाविद्हरूले यसअघि यी मध्ये सामान्यतया वैतडेलीलाई परपच्छिमा भाषिका समूहमा; डोटेली र डडेल्धुरालीलाई मझपच्छिमा भाषिका समूहमा; अछामी, बझाङ्गी र बाजुरेलीलाई ओरपच्छिमा भाषिका समूहमा; जुम्ली र डोल्पालीलाई माझाली वा केन्द्रीय भाषिका समूहमा; दैलेखीलाई पुर्बेली भाषिका समूहको खसानीमा राखी अध्ययन गरिआएका छन् (पोखरेल, २०३६:३६-६५, न्यौपाने, २०६७:२८६-२९३)। खस तालिका नं. २ मा उल्लिखित सबै (खस बाहेक) भाषाको जननी हो । त्यो फेरि यहाँ भाषा भनेर आयो । सामान्यतया समाजमा आमा र छोरीको नाम एउटै हुँदैन ।

२०६८ को जनगणनालाई लाटो हिसाबले हेर्दा नेपालीका वक्ताको सङ्ख्या घटेको देखिन्छ भने उक्त तालिकाले सो तथ्यलाई उल्ट्याउँछ । वस्तुत: भाषा-भाषिकाहरूको निर्धारणको कार्य प्राज्ञिक अनुसन्धान र भाषिक सर्वेक्षणका आधारमा हुनु आवश्यक छ । यो राजनीतिको विषय होइन र हुनु हुँदैन । नेपाली भाषाभाषीको सङ्ख्या त्यसका मातृभाषाका आधारमा र अन्य कतिपय भाषाभाषीको सङ्ख्या तिनको जात-धर्म-सम्प्रदायका आधारमा समेत आकलन गरेकाले यस्तो अनिश्चितता देखापरेको हुन सक्दछ । अमुक थरको हुने बित्तिकै उसको मातृभाषा नेपाली वा अरू जुनसुकै भए पनि थर अनुरूपको भाषा लेख्ने-लेखाउने प्रक्रियाले सही भाषिक तथ्यसम्म पुग्न सकिँदैन ।

२०५८ र २०६८ सालको राष्ट्रिय जनगणनाका तथ्यहरूलाई हेर्दा प्रमुख भाषाहरूको तथ्याङ्कीय परिवर्तन भएको पाइन्छ । मुख्य भाषाहरूको प्रतिशत घटेको, केही भाषाको प्रतिशत बढेको, केही भाषाको प्रतिशत स्थिर रहेको र केही भाषा थपिएका देखिन्छन् । यसलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

परिवर्तित भाषिक तथ्याङ्क विश्लेषण

| क्र.सं. | परिवर्तन | भाषाहरू | कैफियत |
|---|---|---|---|
| १ | प्रतिशत घटेका | नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगर, अवधी, लिम्बू, गुरुङ, वान्तवा, राजवंशी, शेर्पा, उराउ, माझी, थकाली, छन्त्याल, जिरेल, कुसुन्डा आदि । | |
| २ | प्रतिशत बढेका | बज्जिका, उर्दू, चेपाङ, दनुवार, सुनुवार, चामलिङ, थामी, कुलुङ, याक्खा, थुलुङ, साम्पाङ, भुजेल, कुमाल आदि । | |
| ३ | स्थिर रहेका | सन्थाली, अङ्गिका आदि । | |
| ४ | थपिएका | डोटेली, राई, अछामी, बैतडेली, जुम्ली, बझाङी, दैलेखी, डडेल्धुराली, बाजुराली, दार्चुलेली, खस, बेलहारे, लोपा आदि । | |

यस तालिकाबाट प्रमुख भाषाहरूको प्रतिशत घटेको देखिन्छ । केही भाषाको प्रतिशत बढेको देखिन्छ । सन्थाली लगायतका भाषाको प्रतिशत स्थिर (साबिक) देखिन्छ । केही स्वदेशी र केही विदेशी भाषाहरूको प्रविष्टि भएको छ । संस्कृत भाषा जति समृद्ध भए पनि यसलाई मातृभाषाका रूपमा बोल्ने कोही छैनन् । कहीँ छैनन् । तर २०६८ मा १,६६९ (०.००६२%) मातृभाषाभाषी देखाइएको छ । यस्तै स्थिति अन्य कतिपय भाषाको पनि छ । वक्ता नै नभएका भाषालाई यहाँ मातृभाषाको सूचीमा वक्तासङ्ख्याका साथ स्थान दिइएको छ ।

### ३. नेपालका भाषाको विकास क्षेत्रगत वितरण

नेपालमा बोलिने १२३ भाषामध्ये केही भाषा सीमित क्षेत्रमा बोलिन्छन् भने केही भाषा विस्तृत क्षेत्रमा बोलिन्छन् । नेपाल पाँच विकास क्षेत्रमा बाँडिएको छ । सबै भाषा सबैतिर एकनासले बोलिँदैनन् । ती विकास क्षेत्रमा प्रमुख भाषाहरूको वितरणको स्थितिलाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

विकास क्षेत्र र भाषा क्रम

| विकास क्षेत्र | पहिलो भाषा | दोस्रो भाषा | तेस्रो भाषा | चौथो भाषा | पाँचौं भाषा |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल ५८,११,५५५ | नेपाली २०,०७,०२४ | मैथिली १५,६०,०९७ | लिम्बू ३,३२,३४६ | थारू २,६१,५०९ | तामाङ १,८४,९३७ |
| मध्यमाञ्चल ९६,५६,९८५ | नेपाली ३४,८१,८९४ | मैथिली १४,६२,२९८ | तामाङ ११,१०,५२२ | भोजपुरी १०,४५,२०१ | बज्जिका ७,७१,९८७ |
| पश्चिमाञ्चल ४९,२६,७६५ | नेपाली २९,०३,९५५ | भोजपुरी ५,१७,५३१ | मगर ३,९०,५३१ | अवधी ३,४१,१२२ | गुरुङ २,२६,८९९ |
| मध्य पश्चिमाञ्चल ३५,४६,६८२ | नेपाली २६,६३,७५८ | थारू ४,५४,५१६ | अवधी १,५७,३६३ | उर्दू १,०३,५९२ | मगर ८४,७७४ |
| सुदूर पश्चिमाञ्चल २५,५२,५१७ | डोटेली ७,७७,२४७ | नेपाली ७,७०,३२२ | थारू ४,३४,३०४ | वैतडेली २,७१,८३८ | अछामी १,४२,५१६ |

तालिका नं. ४ बाट विकास क्षेत्रमा प्रमुख भाषाहरूको वितरणको स्थितिको झलक पाइन्छ । मेची, कोशी र सगरमाथा अञ्चलका हिमाल, पहाड र तराईका १६ जिल्ला पर्ने पूर्वाञ्चल विकास क्षेत्रमा जम्मा ५८,११,५५५ वक्ता रहेका छन् । यस क्षेत्रमा सबैभन्दा बढी वक्ता नेपाली भाषाका छन् भने त्यसपछि क्रमशः मैथिली, लिम्बू, थारू तथा तामाङ रहेका छन् ।

नारायणी, वागमती र जनकपुर अञ्चलका हिमाल, पहाड तथा तराईका १९ जिल्ला पर्ने मध्यमाञ्चल क्षेत्रमा जम्मा ९६,५६,९८५ वक्ताहरू छन् । यस क्षेत्रको भाषिक क्रममा सबभन्दा बढी नेपाली त्यसपछि क्रमशः मैथिली, तामाङ, भोजपुरी र बज्जिका भाषा रहेका छन् । बज्जिका भाषा २०५८ सालको जनगणनमा मात्र देखिएको हो ।

गण्डकी, लुम्बिनी र धवलागिरि अञ्चलका हिमाल, पहाड र तराईका १६ जिल्ला पर्ने पश्चिमाञ्चल विकास क्षेत्रमा जम्मा ४,९२६,७६५ वक्ताहरू रहेका छन् । यहाँ पनि सबभन्दा बढी वक्ता नेपालीका छन् भने त्यसपछिको क्रममा क्रमशः भोजपुरी, मगर, अवधी र गुरुङ भाषा देखिएका छन् ।

राप्ती, भेरी र कर्णाली अञ्चलका हिमाल, पहाड र तराईका १५ जिल्ला पर्ने मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा ३५,४६,६८२ वक्ताहरू रहेका छन् । यहाँ पनि सबभन्दा बढी वक्ता नेपालीका छन् । यहाँ सबैभन्दा बढी नेपाली र त्यसपछिका क्रममा थारू, अवधी, उर्दू र मगर भाषा देखिएका छन् ।

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा जम्मा २५,५२,५१७ वक्ताहरू रहेका छन् । यहाँ भने सबभन्दा बढी वक्ता डोटेलीका (७,७७,२४७) छन् । पहिलो पटक २०६८ को जनगणनामा देखापरेको डोटेली भाषाले नेपाली भाषालाई उछिनेको देखिएको छ । यस क्षेत्रमा नेपाली भाषा दोस्रो स्थानमा अट्केको छ । त्यसपछि क्रमशः थारू, वैतडेली र अछामी भाषा रहेका छन् । यहाँको भाषिक दृश्य २०५८ को भन्दा निकै भिन्न देखिएको छ । यस क्षेत्रका डोटेली, अछामी र वैतडेली भाषाहरू नयाँ छन् । यिनलाई भाषिक अध्ययनमा नेपाली भाषाका भाषिका मानिन्छ ।

## ४. नेपालका भाषाको भौगोलिक वितरण

नेपालका भाषाहरू विभिन्न भौगोलिक क्षेत्रमा छरिएका छन् । नेपाल हिमाल, पहाड र तराईमा विभक्त छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार तराईमा १,३३,१८,७०५ जना (५०.२७ प्रतिशत), पहाडमा १,१३,९४,००७ जना (४०.०१ प्रतिशत) र हिमाली क्षेत्रमा १७,८१,७९२ जना (६.७३ प्रतिशत) नेपालीको बसोबास रहेको छ । यसले भाषाभाषीको भौगोलिक वितरणलाई पनि देखाउँछ । पाँच विकास क्षेत्रमा पर्ने हिमाल, पहाड र तराईको भाषिक अवस्थालाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.१ पूर्वाञ्चलका हिमाल, पहाड र तराईमा भाषिक अवस्था

तालिका नं. ५

| भौगोलिक क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं |
|---|---|---|---|---|---|
| हिमाली ३,९२,०८९ | नेपाली १,५९,९१५ | लिम्बू ५६,०८० | शेर्पा ४४,०३० | तामाङ २९,०३४ | कुलुङ २०,२१४ |
| पहाडी १६,०१,३४९ | नेपाली ७,५४,६५८ | लिम्बू १,७४,३१८ | वन्तवा १,०५,७४८ | मगर १,०१,७८५ | तामाङ २९,०३४ |
| तराई ३८,१८,११९ | मैथिली १५,४१,८७९ | नेपाली १०,९२,४५१ | थारू २,३६,४६२ | उर्दू १,७१,८२० | राजवंशी १,२१,०३८ |

पूर्वाञ्चलको हिमाली जिल्लामा ताप्लेजुङ, सोलुखुम्बु, संखुवासभा जिल्लाहरू पर्दछन् भने त्यसै क्षेत्रको पहाडी जिल्लामा इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङ्गा र उदयपुर पर्दछन् । यस क्षेत्रका तराईका जिल्लाहरूमा झापा, मोरङ, सुनसरी, सप्तरी र सिराहा पर्दछन् । नेपाली पूर्वाञ्चलका हिमाल र पहाडमा सबैभन्दा बढी वक्ताले बोल्ने भाषा देखिएको छ भने तराईमा नेपाली दोस्रो भाषाका रूपमा देखिएको छ । हिमाली क्षेत्रमा क्रमशः लिम्बू, शेर्पा, तामाङ, कुलुङ भाषा दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा देखापरेका छन् । यस्तै, पहाडी क्षेत्रमा क्रमशः लिम्बू, वान्तवा, मगर, तामाङ भाषा दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा देखापरेका छन् । यसै गरी तराईमा मैथिली पहिलो स्थानमा रहेको छ भने नेपाली दोस्रो स्थानमा रहेको छ भने थारू, उर्दू र राजवंशी क्रमशः तेस्रो, चौथो र पाँचौं स्थानमा देखापरेका छन् ।

### ४.२ मध्यमाञ्चलका हिमाल, पहाड र तराईमा भाषिक अवस्था

तालिका नं. ६

| भौगोलिक क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं |
|---|---|---|---|---|---|
| हिमाल ५,१७,६५५ | नेपाली २,८७,०६४ | तामाङ १,५२,५३५ | नेवार २०,९८६ | थामी १८,१४६ | शेर्पा १६,४५७ |
| पहाड ४४,३१,८१३ | नेपाली २४,८१,४०० | तामाङ ८,३१,७८६ | नेवार ६,४९,८६७ | मगर ९०,३६७ | मैथिली ६२,३१५ |
| तराई ४७,०७,५१७ | मैथिली १३,८९,७२८ | भोजपुरी १०,१२,६७१ | बज्जिका ७,९१,५९६ | नेपाली ७,१३,४३० | उर्दू २,७०,४६७ |

मध्यमाञ्चलका हिमाली जिल्लामा रसुवा, सिन्धुपाल्चोक र दोलखा पर्दछन् । यहाँ नेपाली भाषा पहिलो स्थानमा छ । यस्तै दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषामा क्रमश: तामाङ, नेवार, थामी र शेर्पा परेका छन् । त्यस्तै पहाडी क्षेत्रमा रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, काठमाडौं, नुवाकोट, धादिङ र मकवानपुर जिल्ला पर्दछन् । यहाँ पनि नेपाली पहिलो स्थानमा रहेको छ । यस्तै दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषामा क्रमश: तामाङ, नेवार, मगर र मैथली परेका छन् । यसैगरी तराईमा मैथिली पहिलो स्थानमा देखापरेको छ । दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषामा क्रमश: भोजपुरी, बज्जिका, नेपाली र उर्दू देखिएका छन् ।

### ४.३ पश्चिमाञ्चलका हिमाल, पहाड र तराईमा भाषिक अवस्था

तालिका नं. ७

| भौगोलिक क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं |
|---|---|---|---|---|---|
| हिमाल<br>१९,९९० | नेपाली<br>६,७९९ | गुरुङ<br>६,३२७ | लोपा<br>२,९२४ | थकाली<br>१,६५८ | तमाङ<br>६९१ |
| पहाड<br>२८,११,१३५ | नेपाली<br>२२,१०,९२१ | मगर<br>२,५६,०२७ | गुरुङ<br>१,९९,६५७ | नेवार<br>४४,८१८ | तामाङ<br>३१,८२४ |
| तराई<br>२०,९५,६४० | नेपाली<br>६,८६,२३५ | भोजपुरी<br>५,१०,२८८ | अवधी<br>३,४०,९२७ | थारू<br>१,८२,८९२ | मगर<br>१,३४,०८१ |

पश्चिमाञ्चलको हिमाली भेकमा मुस्ताङ र मनाङ जिल्ला मात्र पर्दछन् । यस भेकमा क्रमश: नेपाली, गुरुङ, लोपा, थकाली र तामाङ भाषा क्रमश: पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका देखिन्छन् । यसै क्षेत्रको पहाडी जिल्लामा गोर्खा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, बागलुङ, गुल्मी, पाल्पा र अर्घाखाँची पर्दछन् । यस भेकमा क्रमश: नेपाली, मगर, गुरुङ, नेवार र तामाङ भाषा क्रमश: पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका देखिन्छन् । यसै गरी तराईमा नवलपरासी, रूपन्देही, कपिलवस्तु जिल्ला पर्दछन् । यस भेकमा क्रमश: नेपाली, भोजपुरी, अवधी, थारू र मगर भाषा क्रमश: पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका छन् ।

### ४.४ मध्य पश्चिमाञ्चलका हिमाल, पहाड र तराईमा भाषिक अवस्था

तालिका नं. ८

| भौगोलिक क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं |
|---|---|---|---|---|---|
| हिमाल<br>३,८८,७१३ | नेपाली<br>३६,७३४ | तामाङ<br>१०,८७६ | शेर्पा<br>२,८९७ | गुरुङ<br>२,४७५ | मगर<br>२,४१४ |
| पहाड<br>१६,८७,४९० | नेपाली<br>१५,८४,९७८ | मगर<br>६९,४१२ | खाम<br>१२,९६७ | थारू<br>६,८८९ | गुरुङ<br>३,५५३ |
| तराई<br>२०,९५,६४० | नेपाली<br>७,१४,०४६ | थारू<br>४,४७,३९७ | अवधी<br>१,५७,२१७ | उर्दू<br>१,०२,८०० | मगर<br>१२,९४८ |

मध्य पश्चिमाञ्चलका हिमाली भेकमा डोल्पा, जुम्ला, मुगु, हुम्ला र कालीकोट जिल्लाहरू पर्दछन् । यस भेकमा क्रमशः नेपाली, तामाङ, शेर्पा, गुरुङ र मगर भाषा पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका देखिन्छन् । मध्य पश्चिमाञ्चलको पहाडी भेकमा नेपाली, मगर, खाम, थारू र गुरुङ भाषा क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका छन् । यस क्षेत्रको तराईमा पनि नेपाली सबैभन्दा बढी वक्ताले बोल्ने भाषाका रूपमा रहेको छ भने त्यसपछिको क्रममा थारू, अवधी, उर्दू र मगर भाषाको क्रम रहेको छ ।

४.५ सुदूर पश्चिमाञ्चलका हिमाल, पहाड र तराईमा भाषिक अवस्था

तालिका नं. ९

| भौगोलिक क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं |
|---|---|---|---|---|---|
| हिमाल ४,६३,३४५ | नेपाली २,८४,३५० | डोटेली १,२८,८८० | बझाङी ४५,८८३ | शेर्पा ७७६ | लाप्चा ६४१ |
| पहाड ८,६२,२१५ | डोटेली ३,२४,३४८ | वैतडेली २,४५,५१२ | नेपाली १,९७,४२४ | अछामी ४४,८१८ | मगर ४,७१४ |
| तराई १२,२६,९५७ | थारू ४,३३,६१० | डोटेली ३,२४,०१९ | नेपाली २,८८,५४६ | अछामी ५८,७०० | वैतडेली २६,२६३ |

सुदूर पश्चिमाञ्चलमा २०५८ सालको भाषिक तथ्याङ्कभन्दा २०६८ को भाषिक तथ्याङ्कमा ठूलो परिवर्तन देखिएको छ । यस क्षेत्रको हिमाली क्षेत्रमा नेपाली भाषा नै पहिलो स्थानमा रहेको छ । दोस्रो र तेस्रो भाषामा डोटेली र बझाङी रहेका छन् । यसका हिमालकै चौथो र पाँचौं भाषामा शेर्पा र लाप्चा भाषा परेका छन् । यिनका वक्ता नगण्य रहेका छन् । यस क्षेत्रको पहाडी भेकमा डोटेली, वैतडेली, नेपाली, अछामी र मगर भाषा क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका छन् । सूदूर पश्चिमाञ्चलको तराईमा थारू, डोटेली, नेपाली, अछामी र वैतडेली भाषा क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं भाषाका रूपमा रहेका छन् ।

## ५. नेपालका भाषाको पारिवारिक स्थिति

भाषिक विशेषता आदिका आधारमा संसारका भाषाहरूलाई विभिन्न परिवारमा राखेर अध्ययन गर्ने गरिन्छ । संसारमा थुप्रै भाषापरिवारहरू रहेका छन् । नेपालमा बोलिने भाषाहरू पनि सामान्यतया तीमध्ये कुनै न कुनै भाषापरिवारमा पर्दछन् । नेपालका भाषाहरू भारोपेली, चिनियाँ तिब्बती, आग्नेली (आग्नेसियाली/आस्ट्रिक) र द्रविड भाषापरिवारमा पर्दछन् । कुसुन्डा कुन भाषापरिवारमा पर्दछ भन्ने बारे यकिन हुन सकेको छैन । त्यसैले यसलाई यहाँ एकल परिवारमा राखिएको छ । नेपालका भाषालाई भाषापरिवारमा निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ :

तालिका नं. १०

नेपालका भाषाको पारिवारिक वर्गीकरण

| क्र.सं. | भाषापरिवार | भाषाहरू |
|---|---|---|
| १ | भारोपेली | नेपाली, मैथिली, भोजपुरी, थारू, डोटेली, अवधी, बज्जिका, उर्दू, राजवंशी, हिन्दी, माझी, दनुवार, बङ्गाली, राजस्थानी, अङ्गिका, दरै, कुमाल, बोटे, पन्जाबी, अङ्ग्रेजी, संस्कृत, सिन्धी, कोचे, हरियान्वी, मगही, कर्माली, मुसलमान, ताजपुरिया, खस, अछामी, वैतडेली, जुम्ली, बझाडी, दैलेखी, डडेल्धुराली, बाजुराली, दार्चुलेली, खस आदि । |
| २ | चिनियाँ तिब्बती | तामाङ, नेवारी, मगर, वान्तवा, गुरुङ, लिम्बू, शेर्पा, राई, चामलिङ, चेपाङ, सुनुवार, थामी, कुलुङ, धिमाल, याक्खा, थुलुङ, साम्पाङ, भुजेल, खालिङ, थकाली, छन्त्याल, तिब्बती, दुमी, जिरेल, बाम्बुले, पुमा, योल्मो (ह्याल्यो), नाछिरिङ, दुरा, मेचे, पहरी, लेप्चा (लाप्चे), बहिङ, कोई, राजी, हायु (वायु), ब्यासी, याम्फू, घले, खरिया, छिलिङ, लोहोरुङ, चाइनिज, मेवाहाङ, काइके, राउटे, बरम (बरामु), तिलुङ, जेरो, दुङ्माली, लिङखिम, साम, कागते, डेजोङ्खा (भुटानी), छिन्ताङ, ल्होमी, कुकी, अठपरिया, बेलहारे, वालुङ, सुरेल, मनाङी, लोपा आदि । |
| ३ | आग्नेली | सन्थाली (सतार) |
| ४ | द्रविड | उराउ (झाँगड) र किसान |
| ५ | एकल | कुसुन्डा |

यहाँ यिनको क्रमश: चर्चा गरिएको छ :

## ५.१ भारोपेली भाषापरिवारमा पर्ने नेपालका भाषाहरू

नेपालको ठूलो जनसङ्ख्याले यसै परिवारका भाषाहरू बोल्दछन् । यो संसारकै सबैभन्दा ठूलो भाषापरिवार हो । नेपालका नेपाली, मैथिली, भोजपुरी, थारू, डोटेली, अवधी, बज्जिका, उर्दू, राजवंशी, हिन्दी, माझी लगायतका भाषाहरू यसै परिवारमा पर्दछन् । २०६८ को राष्ट्रिय जनगणनामा अनुसार दसौं स्थानसम्म पर्ने नेपालका भारोपेली भाषापरिवारका भाषाको विवरण निम्न अनुसार छ :

तालिका नं. ११

| क्र.सं. | भाषा | वक्ता सङ्ख्या | प्रतिशत | प्रमुख भाषिक क्षेत्र |
|---|---|---|---|---|
| १ | नेपाली | १,१८,२६,९५३ | ४४.६३ | नेपालभरि |
| २ | मैथिली | ३०,९२,५३० | ११.७ | सुनसरी, सप्तरी, सिराहा, सर्लाही, धनुषा र महोत्तरी |
| ३ | भोजपुरी | १५,८४,९५८ | ६.० | बारा, पर्सा, सर्लाही, नवलपरासी, रूपन्देही, |

| | | | | |
|---|---|---|---|---|
| ४ | थारू | १५,२९,८७५ | ५.८ | सुनसरी, मोरङ, चितवन, नवलपरासी, रूपन्देही, बाँके, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर |
| ५ | डोटेली | ७,८७,८२७ | २.९७ | सुदूर पश्चिमका अधिकांश ठाउँ |
| ६ | बज्जिका | ७,३९,४१३ | २.७९ | रौतहट, सर्लाही, महोत्तरी |
| ७ | उर्दू | ६,९१,५४६ | २.६ | सुनसरी, बाँके, रौतहट, सर्लाही, महोत्तरी मुसलमान बस्ने तराई क्षेत्र |
| ८ | अवधी | ५,०१,७५२ | १.८९ | बाँके, बर्दिया, कपिलवस्तु |
| ९ | राजवंशी | १,२२,२१४ | ०.४६ | झापा र मोरङ |
| १० | हिन्दी | ७७,५६९ | ०.२९ | बिरगन्जतिरका तराई क्षेत्र |

### ५.२ चिनियाँ तिब्बती भाषापरिवारमा पर्ने नेपालका भाषाहरू

भारोपेलीपछि नेपालको ठूलो जनसङ्ख्याले यसै परिवारका भाषाहरू बोल्दछन् । भाषाहरू कुल सङ्ख्याका दृष्टिले भने अधिकतम सङ्ख्या यसै परिवारका भाषाको देखिन्छ । नेपालका तामाङ, नेवार, मगर, लिम्बू, गुरुङ, राई, वान्तवा, शेर्पा, चामलिङ, चेपाङ, याक्खा, थुलुङ, साम्पाङ, भुजेल, दरै, खालिङ, थकाली, छन्त्याल आदि भाषाहरू यसै परिवारमा पर्दछन् । २०६८ को जनगणना अनुसार जनसङ्ख्या (वक्ता) का दृष्टिले दसौं स्थानसम्म पर्ने नेपालका चिनियाँ तिब्बती भाषापरिवारका भाषाको विवरण यस प्रकार छ :

तालिका नं. १२

| क्र.सं. | भाषा | वक्ता | प्रतिशत | प्रमुख भाषिक क्षेत्र |
|---|---|---|---|---|
| १ | तामाङ | १३,५३,३११ | ५.१० | रसुवा, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट, चितवन, रामेछाप, दोलखा, धादिङ |
| २ | नेवार | ८,४६,५५७ | ३.१९ | भक्तपुर, ललितपुर, बनेपा |
| ३ | मगर | ७,८८,४३० | २.९७ | बागलुङ, सल्यान, प्युठान, रोल्पा हुँदै गोरखासम्म |
| ४ | लिम्बू | ३,४३,६०३ | १.२९ | ताप्लेजुङ, पाँचथर, इलाम, धनकुटा, मोरङ, तेरथुम, सङ्खुवासभा |
| ५ | गुरुङ | ३,२५,७२२ | १.२३ | मनाङ, कास्की, लमजुङ, तनहूँ, गोर्खा |
| ६ | राई | १,५९,११४ | ०.६ | भोजपुर, खोटाङ, इलाम |
| ७ | वान्तवा | १,३२,५८३ | ०.५ | इलाम, मोरङ, खोटाङ, भोजपुर |
| ८ | शेर्पा | १,१४,८३० | ०.४३ | ताप्लेजुङ, सोलुखुम्बु |
| ९ | चामलिङ | ७६,८०० | ०.२८ | खोटाङ |
| १० | चेपाङ | ४८,४७६ | ०.१८ | मकवानपुर, चितवन, गोर्खा, धादिङ |

## ५.३ आग्नेली भाषापरिवारमा पर्ने नेपालका भाषा

नेपालका भाषाको स्थिति हेर्दा वाक्ता वा जनसङ्ख्याका दृष्टिले तेस्रो स्थान आग्नेलीको देखिन्छ । आग्नेलीलाई आस्ट्रिक भाषापरिवार पनि भनिन्छ । आग्नेली भाषापरिवारका भाषाहरूलाई भारत वर्षको सर्व प्राचीन भाषाका रूपमा लिइन्छ । प्राचीन भारत वर्षमा कार्यहरू आउनु पूर्व द्रविडहरू द्रविडहरू आउनु पूर्व मङ्गोलहरू र मङ्गोलहरू आउनु पूर्व आग्नेली परिवारका भाषा बोलिन्थे भन्ने तथ्यहरू रहेका छन् । यस परिवारका भाषाभाषीहरू दक्षिणी तथा उत्तरी हिन्दी चीनका निवासी थिए भने उनीहरू आसामको बाटो हुँदै नेपाल आएको अनुमान गरिएको छ ।

नेपालमा यस परिवारको एकमात्र सन्थाल भाषा बोलिन्छ । यसलाई सतार पनि भनिन्छ । यो सन्थाल समुदायको भाषा हो । सन्थालहरू झापा र मोरङमा बसोबास गर्दछन् । भारतको आसाम र बिहारमा पनि सन्थालको बसोबास पाइन्छ । नेपालमा २०६८ को जनगणनामा सन्थालीका वक्ता ४९,८५५ (०.१८ प्रतिशत) रहेको पाइन्छ ।

## ५.४ द्रविड भाषापरिवारमा पर्ने नेपालका भाषा

वक्ताका सङ्ख्याका हिसाबले द्रविड भाषापरिवार चौथो श्रेणीमा पर्न आएको छ । द्रविड एउटा मानव जाति पनि हो । भारत वर्षमा यसको प्रवेश आर्यभन्दा पहिले भएको पाइन्छ । यस परिवारका तमिल, तेलगु, मलयालम, कन्नड आदि भाषा दक्षिण भारतमा व्यापक रूपमा बोलिन्छन् । नेपालमा यस परिवारको उराव भाषा बोलिन्छ । पहिले यसलाई झाँगड भनिन्थ्यो । २०५८ सालसम्मका जनगणनमा यसलाई झाँगड नै उल्लेख गरिएको छ । झाँगडहरू आफूहरूलाई उराउ भन्न  रुचाउँछन् । २०६८ को जनगणनमा उराउ भाषाभाषीको सङ्ख्या ३३,६५१ (०.१२ प्रतिशत) रहेको  छ । यो नेपालका सुनसरी र मोरङका केही ठाउँमा उराउ समुदायबाट बोलिन्छ । यसमा भोजपुरी भाषाको प्रभाव पनि देखिन्छ ।

किसान भाषा पनि द्रविड भाषापरिवारको भाषा हो । यसका वक्ता झापा र पर्सामा रहेका छन् । २०५८ को जनगणनामा किसानको सङ्ख्या ४८९ रहेकोमा २०६८ को जनगणनामा १,१७८ (०.००४४ प्रतिशत) पुगेको देखिन्छ ।

## ५.५ एकल परिवार (कुसुन्डा)

नेपालमा बोलिने कुसुन्डा भाषाको सम्यक् अध्ययन नभएकाले यो कुन परिवारमा पर्दछ भन्ने यकिन भएको छैन । यो प्रचलित कुनै भाषापरिवारसित मिल्दैन । त्यसैले यता आएर यसलाई ुएकल परिवारु भनी काम चलाउने गरिएको छ । यसलाई कुसुन्डा जातिले बोल्दछन् । तनहूँ, गोरखा, प्युठान, दाङ, सल्यानका घना जङ्गलमा रमाउने कुसुन्डा एकदमै कम छन् । यसका वक्ता झनै कम छन् । सन् १९८० को दशकमा मरिसकेको भनिएको कुसुन्डा भाषा अहिले पनि मृत्युशय्यामा छ । कुसुन्डाको जनसङ्ख्याको विवरण (२०५८) मा १६४ लेखिएको भए पनि र वक्ताको सङ्ख्या ८७ दिइएको भए पनि वास्तविक रूपमा चिनिएका कुसुन्डा भाषाका वक्ता चार जना मात्र छन् (बन्धु, २०६८:१७) । २०६८ को जनगणनामा कुसुन्डाको जनसङ्ख्या घटेर २८ मा झरेको छ भने यसका वक्ता भेटाउन झनै कठिन भएको छ । कुसुन्डाका दुई भाषिका छन्- तनहुँ-गोर्खा भाषिका र दाङ-रोल्पा भाषिका (बन्धु, २०६८:१६)। कुसुन्डा भाषाको अध्ययन गरिहाल्नु पर्ने अवस्था छ ।

## ६. नेपालका प्रमुख भाषाको सामाजिक सम्बन्ध

भाषाको उत्पत्ति, विकास, प्रयोग र संरक्षण समाजबाटै हुने हुनाले भाषा सामाजिक वस्तु हो । नेपाल बहुल समाज भएको मुलुक भएकाले यहाँ एक जाति, एक धर्म र एक भाषाको मान्यता स्थापित हुनै सक्दैन । नेपाल बहुल जाति, बहुल धर्म बहुल संस्कृति र बहुल भाषा भएको एउटा साझा फूलबारी हो । नेपालमा एक जातिएक भाषाको सूत्र पूर्णतया लागु भएको देखिँदैन, किनभने जति जातीय जनसङ्ख्या छ त्यति भाषिक सङ्ख्या पाइँदैन (न्यौपाने,२०६७:३१३) । २०६८ को राष्ट्रिय जनगणनाका तपसिलका तथ्यबाट समेत यस भनाइको पुष्टि हुन्छ :

तालिका नं. १३

| क्र.सं. | जातीय नाम | जातीय सङ्ख्या | वक्ता सङ्ख्या | फरक |
|---|---|---|---|---|
| १ | थारू | १७,३७,४७० | १४,२९,८७५ | २,०७,५९५ |
| २ | तामाङ | १५,३९,८३० | १३,५३,३११ | १,८६,५१९ |
| ३ | नेवार | १३,२१,९३३ | ८,४६,५५७ | ४,७५,३७६ |
| ४ | मगर | ११,६४,२५५ | ७,८८,५३० | ३,७५,७२५ |
| ५ | राई | ६,२०,००४ | १,५९,११४ | ४,६०,८९० |

यस तालिका अनुसार २०७,५९५ थारू, १८६,५१९ तामाङ, ४६५, ३६७ नेवार, ३७५,७२५ मगर र ४६०,८९० राई जातिले आफ्नो जातीय भाषाको प्रयोग गरेको देखिँदैन । तालिकामा नमुनाका लागि मुख्य भाषाहरू मात्र लिइएको छ । अरू भाषाहरूको स्थिति पनि यस्तै भएको अनुमान गर्न सकिन्छ । जातीय भाषा छाडेकाले ग्रहण वा आत्मसात् गरेको भाषा खासगरी नेपाली नै हो । भिन्नभिन्न जाति, धर्म, सम्प्रदाय र संस्कृति भएका नेपालीका बीचमा साझा सम्पर्क भाषाको आवश्यकता पर्नु स्वाभाविकै हो । नेपालमा त्यस्तो भाषाको स्थान नेपाली भाषाले लिएको छ ।

२०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०५ मध्ये १,२८,४९,०४१ (४८.५० प्रतिशत) पुरुष र १,३६,४५,४६३ (५१.५० प्रतिशत) महिला रहेका छन् । प्रतिवेदनका अनुसार १२६ जातजातिको कुल जनसङ्ख्या १२३ भाषा बोल्दछन् । भाषाको सम्बन्ध जातजाति र धर्मसम्प्रदायसित पनि रहने हुनाले नेपालको भाषिक अवस्थालाई जातजाति र धर्मसम्प्रदायसित दाँजेर हेर्न सकिन्छ । २०६८ को जनगणनाको सारमा दिइएको यससम्बन्धी विवरण यसप्रकार छ :

### (क) प्रमुख दस मातृभाषा

तालिका नं. १४

| क्र.सं. | भाषा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १,१८,२६,९५३ | ४४.६३ |
| २ | मैथिली | ३०,९२,५३० | ११.७ |
| ३ | भोजपुरी | १५,८४,९५८ | ६.० |
| ४ | थारू | १५,२९,८७५ | ५.८ |
| ५ | तामाङ | १३,५३,३११ | ५.१ |
| ६ | नेवार | ८,४६,५५७ | ३.२ |
| ७ | बज्जिका | ७,९३,४१८ | ३.० |

| | | | |
|---|---|---|---|
| ८ | मगर | ७,८८,५३० | ३.० |
| ९ | डोटेली | ७,८७,८२७ | ३.० |
| १० | उर्दू | ६,९१,५४६ | २.६ |

(ख) प्रमुख दस जातजाति

तालिका नं. १५

| क्र.सं. | जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ४३,९८,०५३ | १६.६ |
| २ | ब्राह्मण (पहाडी) | ३२,२९,९०३ | १२.२ |
| ३ | मगर | १८,८७,७३३ | ७.१ |
| ४ | थारू | १७,३७,४७० | ६.६ |
| ५ | तामाङ | १५,३९,८३० | ५.८ |
| ६ | नेवार | १३,२१,९३३ | ५.० |
| ७ | कामी | १२,५८,५५४ | ४.८ |
| ८ | मुसलमान | ११,६४,२५५ | ४.४ |
| ९ | यादव | १०,५४,४५८ | ४.० |
| १० | राई | ६,२०,००४ | २.३ |

(ग) प्रमुख दस धर्म

तालिका नं. १६

| क्र.सं. | धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | २,१५,५१,४९२ | ८१.३ |
| २ | बौद्ध | २३,९६,०९९ | ९.० |
| ३ | इस्लाम | ११,६२,३७० | ४.४ |
| ४ | किराँत | ८,०७,१६९ | ३.१ |
| ५ | क्रिस्चियन | ३,७५,६९९ | १.४ |
| ६ | प्रकृति | १,२१,९८२ | ०.५ |
| ७ | बन | १३,००६ | |
| ८ | जैन | ३,२१४ | |
| ९ | बहाई | १,२८३ | |
| १० | सिख | ६०९ | |

यी तथ्यबाट जाति, धर्म र भाषाका बीचमा अन्तर्सम्बन्ध हुने देखिन्छ । साथै, नेपालका जातिहरू आफ्नो जातीय भाषा मात्र बोल्दैनन् भन्ने पनि प्रस्ट हुन्छ ।

## ७. निष्कर्ष

अनेक विविधता बोकेको नेपाल विश्लेषित तथ्यबाट बहुभाषिक मुलुक रहेको पुष्टि हुन्छ । यति सानो भूगोल र

यति थोरै जनसङ्ख्या भएको एकै ठाउँमा यति धेरै भाषाहरू प्रयोगमा रहनु यहाँको एउटा छुट्टै वैशिष्ट्य हो । यो विश्वको आकर्षणको कारक हो । भाषाहरू धेरै भए पनि कतिपय भाषाका वक्ता छैनन् । कुसुन्डाका वक्ता पाउन नसकिने अवस्था आइसक्यो । कुसुन्डा जस्ता भाषा अब लोपोन्मुख अवस्थामा रहेका छन् । भाषा सभ्यताको सम्पत्ति भएकाले लोपोन्मुख भाषाको संरक्षण, प्रचलित भाषाको संर्वधन हुनु आवश्यक छ । नेपालका यी धेरै भाषाहरू मध्ये नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगर, अवधी, गुरुङ, बज्जिका, लिम्बू, शेर्पा, राई आदि भाषाहरू व्यापक प्रचलनमा छन् । अन्य अधिकांश भाषाहरू पनि जीवन्त छन् । राष्ट्रिय जनगणना २०६८ का तथ्यहरू केलाउँदा नेपालको भाषा सम्बन्धी तथ्यहरूको दृश्य (सिनारी) बदलिएको देखिन्छ । नेपाली भाषा नेपालको प्रमुख भाषा देखिन्छ भने अरू थुप्रै भाषाहरू नेपालका भाषिक सम्पदा र पहिचान बनेर रहेका छन् । यिनै भाषाहरूका बलमा नेपाल बहुभाषिक मुलुक कहलाएको हो । सन् १९९२ मा नेपाली भाषा भारतीय संविधानको आठौं अनुसूचीमा सूचीकृत भएबाट यो नेपाल र भारतको वैधानिक भाषा भएको छ । भुटान र म्यानमारमा पनि नेपाली भाषाभाषीको ठूलो सङ्ख्या रहेको छ । रोजगारी लगायतका क्रममा विश्वका विभिन्न स्थानमा पुगेका नेपालीहरू परस्पर नेपाली भाषा बोल्दछन् । यी तथ्यबाट नेपाली भाषा अन्तर्राष्ट्रिय स्तरमा विस्तारित भएको प्रस्ट हुन्छ । नेपाली भाषा नेपालको प्रमुख भाषाका रूपमा रहेको छ । यसका वक्ता सर्वाधिक छन् । नेपाल बाहिर पनि नेपालीहरूले परस्पर बोल्ने भाषा यही हो । नेपाल, भारत, म्यानमार, भुटान तथा अन्य मुलुकहरूमा नेपाली बोल्ने कुल नेपाली करिब ४ करोड रहेको अनुमान गरिएको छ । त्यसैले नेपाली ४ करोड नेपालीको सम्पर्क भाषा हो । यो नेपाली मात्रको पहिचान बनेको छ । साथै नेपाली भाषा सबैभन्दा बढी नेपालीको मातृभाषा, सबै नेपालीको सम्पर्क भाषा, नेपाली मातृभाषा नहुने सबैभन्दा बढीको दोस्रो भाषा रहेको छ । आम नेपालीको सपना देख्ने भाषा समेत नेपाली नै हो । जनगणनामा यसको सङ्ख्यामा थोरै तलमाथि पर्दैमा यसको भूमिकामा कमी आएको मान्न सकिँदैन । नेपालका अरू भाषाको अध्ययन-अनुसन्धान र संरक्षण गर्न पनि नेपाली भाषा नै माध्यम बन्न गएको छ । नेपाली भाषाको विरोध गर्ने माध्यम पनि नेपाली भाषा नै भएको छ । यहाँका लुम्बिनी, पशुपति, हिमाल र प्रकृति तथा सामाजिक विविधताले विश्वको ध्यान नेपालतर्फ तानिएको छ भने विश्वको ध्यान तान्ने एक अर्को कारक यहाँका यी भाषाहरू पनि हुन् । उपयुक्त भाषानीति अवलम्बन गरी नेपालका हरेक भाषाको संरक्षण र अध्ययन हुनु आवश्यक छ ।

❖

## सन्दर्भ सूची


उपाध्याय, यदुनन्दन (२०७०). 'नेपालका भाषाहरूको वर्तमान स्थिति.' पृथ्वीदर्पण. अङ्क ३. पृ.१६-२२ ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६९). नेपालको राष्ट्रिय जनगणना २०६८. काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

गिरी, जीवेन्द्रदेव (सन् २०१०). 'नेपालको भाषा नीति'. त्रिभुवन विश्वविद्यालय जर्नल. भोलम २७. पृ. १८९-२०२ ।

नेपालको अन्तरिम संविधान २०६३ (२०६४). गन्तव्य, वर्ष १. अङ्क १. पृ. १००-१८९ ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७). सामान्य भाषा विज्ञान. काठमाडौं : सनलाइट पब्लिकेसन ।

पोखरेल, बालकृष्ण (२०३६). राष्ट्रभाषा. तृतीय संस्करण. काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०७१). 'कुसुन्डा जातिको लोकाचार'. नेपाली लोकवार्ता चौथो राष्ट्रिय सङ्गोष्ठी. दाङमा प्रस्तुत गोष्ठीपत्र, पृ.३५१-३५६ ।

बन्धु, चूडामणि (२०६८). 'वनराजा र तिनका भाषा बारे' मिमिरे. पूर्णाङ्क ३०८. पृ.४-१८ ।